नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड५५)काठमाडौं, साउन २७ गते २०६२ साल(अतिरिक्ताङ्क३१

भाग ४

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

राजदरबारको सूचना १

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम न्याय परिषद्को सिफारिशमा सर्वोच्च अदालतमा रिक्त रहेका न्यायाधीश पदहरूमध्ये ४ (चार) मा सर्वोच्च अदालतको अस्थायी न्यायाधीश पदमा कार्यरत श्री अर्जुनप्रसाद सिंह, श्री हरिजंग सिजापती, श्री बद्रीकुमार बस्नेत र श्री बलराम के. सी. लाई नियुक्त गरिबक्सेको छ ।

सूचना २

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम रुसी महासंघका लागि शाही नेपाली राजदूत श्री हिरण्यलाल श्रेष्ठलाई गणतन्त्र बेलारुस र गणतन्त्र बुल्गेरियाका लागि पनि शाही नेपाली राजदूत नियुक्त गरिबक्सेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सूचना ३

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम युनियन अफ म्यान्मारका लागि शाही नेपाली राजदूत श्री भिक्ट्री शम्शेर राणालाई कम्बोडियाका लागि पनि शाही नेपाली राजदूत नियुक्त गरिबक्सेको छ ।

हुकुम बक्सेबमोजिम,
मो. सु. पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका मुख्य प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु.५।-
अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।